नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## तराई-मधेश समृद्धि कार्यक्रम
### केन्द्रिय समन्वय इकाई
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७५।७६
चलानी नं. :- ११४

मिति : २०७६।०३।२३

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
तराई मधेश समृद्धि कार्यक्रम लागू भएका तराइ मधेशका २१ जिल्ला (सबै),

बिषय : स्वीकृत आयोजनाको भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयमा नगराइन नगरपालिका, धनुषाको मिति २०७६।०३।२२ को प. सं. २०७५।०७६, च.नं. १०४० को पत्र बमोजिम तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रिय समन्वय इकाइबाट मिति २०७५।०८।२७ को प्रेस विज्ञप्ति बमोजिम केन्द्रबाट स्वीकृत आयोजना / कार्यक्रमहरु २०७६ जेष्ठ मसान्तसम्म सम्झौता अनुरुप सम्पन्न हुन नसकेमा बाँकी रकम केन्द्रमा फिर्ता हुने उल्लेख भएको कारणले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानीमा समस्या आएको भनी लेखि आएको सम्बन्धमा चालु आ.व.मा स्वीकृत आयोजना / कार्यक्रमहरुको सार्वजनिक खरिद ऐन तथा नियमावली साथै आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही आयोजनाको कार्यसम्पन्न मूल्यांकन समेतको आधारमा चालु आ.व. ०७५/०७६ मा स्वीकृत भई कायान्वयनमा रहेका आयोजनाको भुक्तानी दिन सकिने र आ.व. ०७५।७६ को आषाढ मसान्तसम्म रकम खर्च हुन नसकेमा केन्द्रबाट स्वीकृत रकम सशर्त पूँजीगत अनुदानको रुपमा विनियोजन भएको हुँदा स्वीकृत आयोजनाको भुक्तानी हुन नसकी बाँकी रहने रकम केन्द्रमा फिर्ता गर्नुपर्ने अनिवार्य ब्यबस्था भएकोले सोही अनुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

..................
देवराज भण्डारी
शाखा अधिकृत

**बोधार्थ :**
श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं । – (वेवसाईटमा अपलोड गरिदिनु हुन)

फोन नं. : ०१-५२४४६७७, ०१-५२४४८८१ e-mail: mofaga.tmpp@gmail.com